# आम्दानी र उपभोगबीचको सम्वन्धको अध्ययन : आम्चोक गाउँपालिका, भोजपुर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

सुदेश राई

स्नातकोत्तर तह (एम. एड.) चौथो सेमेष्टर

क्याम्पस दर्ता नं. : ६४२

परीक्षा क्रमाङ्क : ७२२८२३८

त्रि.वि. दर्ता नं. : ९-२-९-३९३-२०१२



शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

साउन, २०७५

## कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि "**आम्दानी र उपभोगबीचको सम्वन्धको अध्ययन : आम्चोक गाउँपालिका, भोजपुर**" शीर्षकको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा. डा. सुर्य बहादुर थापा ज्यूप्रति सदैव आभारी छु । यस शोधपत्रले यो क्षेत्रसंग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अध्ययन तथा अनुसन्धानकर्ता साथै नीति निर्माताहरूलाई सहयोग पुग्ने छ भन्ने आशा लिएको छु ।

प्रस्तुत शोधपत्रलाई सार्थक र उपलव्धिमुलक वनाउन शोध पत्र प्रस्तावना देखि शोध पत्रको अन्त्यसम्म निरन्तर रुप(८मा सहज र सुलभ ढंगबाट अमूल्य सल्लाह, सुझाव, प्रेरणा र कुशल मार्ग निर्देशन दिई निस्वार्थ सहयोग गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा. डा. सुर्य बहादुर थापा र अन्य अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरू प्रा.डा. विनय कुमार कुसियैत, सह-प्रा. बिष्णु बहादुर लुइँटेल, उप-प्राध्यापक मिनराज पौडेल, उप-प्राध्यापक पद्मा कोइराला तथा कर्मचारी नारायण भट्टराई लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अनुशन्धानका लागि गरिएको स्थलगत अध्ययनको क्रममा मलाई आवश्यक सूचना तथा तथ्याङ्क उपलव्ध गराउनुहुने साथै निस्वार्थ रुपमा तथ्यांक उपलब्ध गरी सहयोग गर्नुहुने आम्चोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राई, यस अध्ययन क्षेत्रका वुद्धिजीवि तथा शिक्षक विजय राई, तथ्यांकदाता सम्पूर्ण घर परिवार प्रति विशेष धन्यावाद दिन चाहान्छु । साथै मेरो जीवनको प्रत्येक क्षणहरूमा सहयोग, सल्लाह, सुझाव, प्रेरणा, हौशला र प्रोत्साहन दिई स्नातकोत्तर तहको शिक्षा पुरा गर्न आशिरवाद प्रदान गर्नुहुने मेरा आमाबुबा, दाजुहरू, भाउजु, बहिनीभाई लगायत सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । अन्त्यमा शोधपत्र लेखनको क्रममा मलाई सहयोग गर्नुहुने मेरो आदरणीय दाजु दिपक कुमार राई, प्रगेन राई, दिदी रञ्जना कुलुङ् राई र सम्पुर्ण कक्षाका साथिहरूप्रती विशेष धन्यावाद ज्ञापन गर्दछु ।

सुदेश राई

**सोधसार (ABSTRACT)**

यस अध्ययन आम्दानी र उपभोगबीचको सम्वन्धको अध्ययन : आम्चोक गाउँपालिका, भोजपुर शीर्षकमा गरीएको हो । यस अध्ययनको साधारण उद्देश्य आम्दानी र उपभोगबीचको सम्बन्धको अध्ययन गर्नु रहेको छ भने अध्ययनमा समावेश भएका परिवारहरूको आम्दानी र उपभोगको विश्लेषण गर्नु, परिवारहरूको उपभोग प्रवृत्तिको अध्ययन गर्नु र छनोटमा परेका परिवारहरूमध्ये न्यून आम्दानी भएका घरपरिवारहरूको आम्दानी न्यून हुनुका कारण पहिचान गरी आम्दानी वृद्धि गर्ने उपायहरूको खोजि गर्नु रहेको छ ।

यस अध्ययनको उद्देश्यहरू पुरा गर्न सर्वे ढाँचामा आधारीतरही प्राथमिक स्रोतको माध्यमद्वारा परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका सुचना/तथ्याङ्कहरू संकलन गरीएको छ । यसरी प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार तालिका, वृत्तचित्र, स्तम्भचित्र, प्रतिशांक तथा उपभोग प्रवृत्तिद्वारा विश्लेषण गरीएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्न प्रस्नावली निर्माण गरी अध्ययन क्षेत्रको नमुना छनोटमा परेका घरपरिवारहरूलाई प्रत्यक्ष अन्तरवार्ताद्वारा लिइएको थियो । यसका साथै अवलोकन सूचीको माध्यमद्वारा प्रत्यक्ष अवलोकन र लक्षित समुह छलफल कार्यक्रम सञ्चालन गरी प्राथमिक तथ्याङ्क संकलन गरीएको थियो जसका लागि सम्भावनायुक्त नमुना छनोट विधिद्वारा आम्चोक गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने कुल ३५१ घरपरिवारको १५ प्रतिशत छनोट गरीएको थियो । उक्त १५ प्रतिशतमा ५३ घरपरिवार रहेका छन् ।

यस अध्ययनका लागि छनोटमा परेका कुल ५३ घरपरिवारमध्ये ४३ घर कृषि, ५ घर सेवा/नोकरी, ३ घर व्यापार र २ घर ज्याला मजदुरी पेशामा आवद्ध रहेको पाइयो । यी विभिन्न पेशामा आवद्ध घरपरिवारहरूको क्षेत्रगत आम्दानीको अध्ययन गर्दा कृषिबाट रु. ५७,७८,९००, पशुपालनबाट रु. २७,९४,५००, व्यापार व्यवसायबाट रु. ४८,७८,०००, जागिर अथवा सेवाबाट रु. २२,३०,०००, ज्याला मजदुरीबाट रु. २७,२५,०००, पेन्सन भत्ताबाट रु. ६,८९,४००, वैदेशीक रोजगारबाट रु. २४,८७,०००, सहयोग चन्दा अनुदानबाट रु. २९,०४,००० तथा अन्य क्षेत्रबाट रु. ३५,२९,७०० गरी कुल आम्दानी रु. २,६०,६५,५०० रहेको पाइयो । यसैगरी यी विभिन्न स्रोतबाट प्राप्त आम्दानीलाई खाद्यन्नमा रु. ४१,०५,८००, लत्ताकपडामा रु. ७,४५,७००, शिक्षा रु. ३६,१७,०५०, स्वास्थ्यमा रु. २१,७३,८००, मनोरञ्जनमा रु. ३,३४,१००, करमा रु. ३१,४९६ तथा विविध क्षेत्रमा

रु. ५६,००,३०० गरी कुल रु. १,७४,५४,२४६ उपभोग क्षेत्रमा खर्च गरेको पाइयो । छनोटमा परेका ५३ घरपरिवारहरूको औषत आम्दानी रु. ४,९१,८०१.८८, औषत उपभोग रु. ३,२९,३२५.३९, औषत बचत रु. १,६२,४७६.४९, प्रतिव्यक्ति आम्दानी रु. ८९,८८१.०३, प्रतिव्यक्ति खर्च रु. ६०,१८७.०३ र प्रतिव्यक्ति बचत रु. २९,६९६.९७ रहेको पाइयो ।

यस अध्ययनको लागि छनोटमा परेका घरपरिवारहरूको उपभोग प्रवृत्तिको विश्लेषण गरीएको छ । यहाँ कुल आम्दानी र उपभोगबीचको औषत उपभोग प्रवृत्ति ०.६६९ प्राप्त भयो भने पेशागतरुपमा हेर्दा कृषि पेशामा आवद्ध ४३ घरपरिवारको औषत उपभोग प्रवृत्ति ०.८२५, सेवामा आवद्ध ५ घरपरिवारको औषत उपभोग प्रवृत्ति ०.६२३, व्यापारमा आवद्ध ३ घरपरिवारको औषत उपभोग प्रवृत्ति ०.३९३ र ज्याला मजदुरी पेशामा आवद्ध २ घरपरिवारको औषत उपभोग प्रवृत्ति ०.४३१ प्राप्त भयो । त्यसैगरी कुल सिमान्त उपभेग प्रवृत्ति ०.३४ र कृषि तथा सेवा पेशाको क्रमशः ०.५५ र ०.३५ रहेको पाइयो ।

समग्रमा, आम्दानी र उपभोगबीचको सम्वन्धको अध्ययन गर्दा सवै परिवारहरूको आम्दानी र उपभोगबीच असमान सम्वन्ध रहेको पाइयो । जसमा छनोटमा परेका कुल ५३ घरपरिवारहरूमध्ये ४३ घरपरिवारको बचत आम्दानी अर्थात उपभोग भन्दा आम्दानी बढी रहेको पाइयो भने १० घरपरिवारहरूको आम्दानी भन्दा उपभोग बढी रहेको पाइयो तर नेपाल जीवनस्तर सर्भेक्षण २०६६/६७ का आधारमा गरिवीको रेखामुनि जम्मा ७ घरपरिवार रहेको पाइयो । यी गरिवीको रेखामुनि रहेका घरपरिवारहरूको न्यून आम्दानी हुनुका कारणहरू र आम्दानी वृद्धि गर्ने उपायहरूको खोजि गर्ने क्रममा लक्षित समुह छलफल कार्यक्रम सञ्चालनबाट प्राप्त कारणमा परम्परागत कृषि प्रणली, प्राविधिक तथा व्यावसायीक शिक्षाको कमि, वेरोजगार, उच्च आश्रित जनसंख्या, पूँजीको अभाव, प्रतिस्पर्धात्मक क्षमताको कमि, लक्षित आयआर्जन कार्यक्रमको फितलो कार्यन्वयन तथा परम्परागत मुल्यमान्यता आदि रहेको पाइयो भने आम्दानी वृद्धि गर्न आन्तरिक सोचमा परिवर्तन, पेशागत विशिष्टीकरण, आन्तरिक उत्पादनलाई प्रोत्साहन, पूर्वाधारको विकास, रोजगार तथा स्वः रोजगारमुलक कार्यक्रम सञ्चालन र व्यवसायीक अनुदन, विमा तथा पेशागत सुरक्षाको सुनिस्चितता गर्नुपने देखियो ।

यस अध्ययनवाट प्राप्त तथ्यको आधारमा छनोटमा परेका ५३ घरपरिवारहरूको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५६ प्रतिशत र कृषि पेसामा आवद्ध ८१.१३ प्रतिशत रहेको पाइयो जुन नेपालको भन्दा बढी हो। उक्त समयमा आ. व. २०७५/७६ मा कुल गार्हस्थ उत्पादनको २६.९८ प्रतिशत रहेको छ भने शिक्षा क्षेत्रमा कुल आम्दानीको २०.७२ प्रतिशत लगानी भइरहेको पाइयो जुन नेपालको भन्दा बढी हो। उक्त समयमा आ. व. २०७६/७७ कुल बजेटको १०.६८ प्रतिशत विनियोजन गरेको छ। त्यस्तै पेशागत आम्दानी र उपभोगको स्वरुप कृषि पेशा भन्दा गैरकृषि पेशामा आवद्ध परिवारहरूको औषत उपभोग प्रवृत्ति उच्च रहेको पाइयो, जुन अर्थशास्त्री J. M. Keynes को Absolute Income Hypothesis जस्तै रहेको पाइयो। त्यस्तै कुल आम्दानीको ३४ प्रतिशत वचत रहेको पाइयो। उक्त समयमा नेपालको कुल आम्दानीको २०.४८ प्रतिशत वचत रहेको छ भने प्रति व्यक्ति आम्दानी नेपालको भन्दा न्यून अर्थात रु. ८९८८१.०३ रहेको पाइयो। उक्त समय आ. व. २०७५/७६ मा नेपालको प्रति व्यक्ति आम्दानी रु. १,१५,५१८ रहेको थियो। त्यसैगरी छनोटमा परेका कुल परिवारको १३.२ प्रतिशत गरिबीको रेखामुनी रहेको पाइयो, जुन नेपालको भन्दा न्यून हो। उक्त समय आ. व. २०७५/७६ मा नेपालमा १८.७ प्रतिशत मानिसहरू गरिबीको रेखामुनी रहेका छन्।

अन्त्यमा, छनोटमा परेका घरपरिवारहरूको पेशागत आम्दानी र उपभोगको अनुपातलाई हेर्दा आम्दानी र उपभोग दुवै वृद्धि गर्न कृषि पेशालाई आधुनिकीकरण, व्यावसायीकरण, बजारमुखीकरण गर्नुपर्ने आवश्यकता छ अन्यथा कृषि भन्दा गैरकृषि पेशा अंगाल्नु पर्ने देखिन्छ।

## विषय सूची (TABLE OF CONTENT)

पृष्ठ

सिफरिस पत्र (RECOMMENDATION LETTER) ii

स्वीकृति पत्र (APPROVAL SHEET) iii

शोधसार (ABSTRACT) iv

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS) v

तालिका सूची (LIST OF TABLES) xiv

चित्र सूची (LIST OF FIGURES) xv

संक्षिप्त शब्दावली (ACRONYMS) xvi

### अध्याय एक (CHAPTER ONE)

१. परिचय (INTRODUCTION) १

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको महत्व (Significance of the Study) ५

१.४ अध्ययनको उद्देश्य (Objectives of the Study) ६

१.५ अनुसन्धान प्रश्न (Research Questions) ६

१.६ अध्ययनको परिसीमाहरू (Delimitations of the Study) ६

१.७ अध्ययनको संगठन (Organization of the Study) ७

### अध्याय दुई (CHAPTER TWO)

२. सम्बन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK) ८

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) ८

२.२ अनुसन्धाणात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १४

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for

the Research) १८

२.४ अनुसन्धान अन्तर (Research Gap) १९

२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) १९

२.६ कार्यात्मक ढाँचा (Functional Framework) २०

## अध्याय तीन (CHAPTER THREE)

३. विधि र प्रकृयाहरू (METHOD AND PROCEDURES) २१

३.१ अनुसन्धान ढाँचा (Research Design) २१

३.२ जनसंख्या, नमुना आकार र नमूना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २१

३.२.१ जनसंख्या (Population) २१

३.२.२ नमूना आकार (Sample Size) २१

३.२.३ नमूना छनौट रणनीति (Sampling Strategy) २२

३.३ तथ्यांङ्कको स्रोतहरू (Sources of Data) २२

३.३.१ प्राथमिक स्रोत (Primary Source) २२

३.३.२ द्वितीय स्रोत (Secondary Source) २२

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २३

३.५ तथ्यांङ्क संकलनका साधन (Tool of Data Collection) २३

३.५.१ घरायसी सर्वेक्षण फाराम (Household Survey Form) २३

३.६ तथ्यांङ्क संकलनका प्रविधीहरू (Techniques of Data Collection) २३

३.६.१ प्रत्यक्ष अर्न्तवार्ता (Direct Interview) २३

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation ) २३

३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion) २४

३.७ तथ्यांङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedures) २४

३.८ नीतिगत प्रावधान (Ethical Consideration) २५

## अध्याय : चार (CHAPTER : FOUR)


४. तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA) २६

४.१ भोजपुर जिल्लाको परिचय (Introduction to the Bhojpur District) २६

४.१.१ भोजपुरको इतिहास (History of Bhojpur) २६

४.१.२ भौगोलिक अवस्था (Geographical Situation) २७

४.१.३ जनसाङ्ख्यिकीय विवरण (Demographic Description) २८

४.१.४ प्रशासनिक विवरण (Administration Description) २८

४.१.५ हावापानी (Climate) २८

४.१.६ सामाजिक विवरण (Social Description) २८

४.१.७ आर्थिक अवस्था (Economic Status) ३०

४.१.७.१ व्यवसाय र पेशाको अवस्था (Business and Profession Status) ३०

४.१.७.२ गरिवी सुचांक (Poverty Index) ३१

४.१.७.३ भू-उपयोग (Land Holding) ३१

४.१.७.४ पर्यटकीय क्षेत्र (Tourism Area) ३३

४.१.७.५ वित्तीय संघसंस्था (Financial Organization) ३३

४.१.७.६ वैदेशीक रोजगारको अवस्था (Situation of Foreign Employment) ३५

४.१.७.७ उद्योगको अवस्था (Situation of Industry) ३६

४.१.८ आम्चोक गाउँपालिकाको परिचय (Introduction to the Aamchok Local Municipality) ३६

४.१.८.१ भौगोलिक विवरण (Geographical Location) ३७

४.१.८.२ जनसाङ्ख्यिकी अवस्था (Demographic Situation) ३७

४.१.८.३ आम्चोक गाउँपालिकाको संरचना (Structure of Aamchok Local Municipality) ४०

४.१.८.४ धार्मिक तथा साँस्कृतिक अवस्था (Situation of Religious and Culture) ४१

४.१.८.५ पूर्वाधारको अवस्था (Infrastructure Situation) ४२

४.१.८.५.१. शिक्षा (Education) ४२
४.१.८.५.२. स्वास्थ्य (Health) ४२
४.१.८.५.३. पिउने पानी (Drinking Water) ४३
४.१.८.५.४. सरसफाई (Sanitation) ४४
४.१.८.५.५. विद्युत (Electricity) ४४
४.१.८.५.६. सञ्चार (Communication) ४५
४.१.८.५.७. मनोरञ्जन तथा खेलकुद (Entertainment and Athletic) ४६
४.१.८.५.८. सुरक्षा (Security) ४६
४.१.८.६ आर्थिक अवस्था (Economic Status) ४६
४.१.८.६.१. पेशा र व्यवसाय (Profession and Business) ४६
४.१.८.६.२. उद्योग (Industries) ४७
४.१.८.६.३. मानव संशाधन (Human Resources) ४८
४.१.८.६.४. वार्षिक आम्दानी (Annual Income) ५०
४.१.८.६.५. प्रति-व्यक्ति आय (Per-Capita Income) ५१
४.१.८.६.६. वार्षिक खर्च (Annual Expenditure) ५१
४.१.८.६.७. प्रति-व्यक्ति खर्च (Per-Capita Expenditure) ५२
४.१.८.६.८. बचत अथावा ऋण (Saving or Loan) ५२
४.१.८.६.९. प्रति-व्यक्ति ऋण (Per-Capita Loan) ५२
४.१.८.६.१०. वैदेशीक रोजगार (Foreign Employment) ५२
४.१.८.७.११. वित्तीय तथा सहकारी संघसंस्था (Financial and Cooperative Organization) ५३
४.२ अध्ययन क्षेत्रको आम्दानीको स्रोत र खर्चको विश्लेषण (Analysis of Income and Expenditure of the Study Area) ५३
४.२.१ आम्दानीको स्रोत (Source of Income) ५४
४.२.१.१ पेशागत आम्दानीको स्रोत (Sources of Occupational Income) ५४
४.२.१.२ क्षेत्रगत आम्दानीको स्रोत (Sources of Sectorial Income) ५६

४.२.१.३ तहगत आम्दानी (Level wise Income) ५८
४.२.२ खर्चको क्षेत्रहरू (Sectors of Expenditure) ५९
४.२.२.१. पेशागत खर्च (Expenditure by Occupation) ५९
४.२.२.२. क्षेत्रगत खर्च (Sectorial Expenditure) ६१
४.२.३ आम्दानी र उपभोगबीचको तुलनात्मक विश्लेषण (Comparative Analysis by Income and Expenditure) ६२
४.२.४ घरपरिवारको बचत तथा घाटा आम्दानीबीचको तुलनात्मक विश्लेषण (Comparative Analysis of Saving and Deficit Income of Household) ६३
४.३ घरपरिवारको उपभोग प्रवृत्ति (Consumption Propensity of Household) ६४
४.४ न्युन आम्दानी हुनुका कारणहरू र आम्दानी वृद्धि गर्ने उपायहरू (Causes of Low Income and Measures of Increase Income) ६६
४.४.१. न्युन आम्दानी हुनुको कारणहरू (Causes of Low Income) ६६
४.४.२. आम्दानी वृद्धि गर्ने उपाय (Measures of Increase Income) ६८
४.५ अध्ययनको सारांश (Summary of the Study) ७०

**अध्याय पाँच (CHAPTER FIVE)**

५. निष्कर्ष र सुझाबहरू (CONCLUSION AND RECOMMENDATIONS) ७४
५.१ निष्कर्ष र सुझावहरू (Conclusion and Recommendations) ७४
५.१.१ निष्कर्ष (Conclusion) ७४
५.१.२ सुझावहरू (Recommendations) ७७
५.१.२.१. नीति सम्बन्धी सुझाव (Policy Related Recommendation) ७७
५.१.२.२. प्रयोगात्मक क्षेत्रसंग सम्वन्धीत सुझाव (Practice Related Recommendations) ७८
५.१.२.३. आगामी अनुसन्धान सम्बन्धी सुझाव (Further Research Related Recommendations) ७९

अनुसूची १ (Appendix 1) : पारिवारिक आम्दानी, उपभोग तथा पेशा विवरण फाराम ८०
अनुसूची २ (Appendix 2) : लक्षित समुह छलफल निर्देशिका ८२
अनुसूची ३ (Appendix 3) : सीमान्त उपभोग प्रवृत्ति ८३
सन्दर्भ सामग्री (Reference) ८७

## तालिका सूची (LIST OF TABLES)


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | : भोजपुर जिल्लाको मानव विकास सुचांक | २९ |
| ४.२ | : भोजपुर जिल्लाको रोजगारीमा संलग्न घरपरिवारहरूको पेशा/व्यवसाय | ३० |
| ४.३ | : भोजपुर जिल्लाको गरिवी सुचांक | ३१ |
| ४.४ | : भोजपुर जिल्लाको भू-उपयोगको अवस्था | ३२ |
| ४.५ | : भोजपुर जिल्लाको बैंक तथा वित्तिय संघसस्थाहरू | ३४ |
| ४.६ | : भोजपुर जिल्लाको वैदेशिक रोजगारीको अवस्था | ३५ |
| ४.७ | : भोजपुर जिल्लाको उद्योग दर्ता सम्वन्धि विवरण | ३६ |
| ४.८ | : आम्चोक गा. पा. को जनसंख्या विवरण | ३७ |
| ४.९ | : आम्चोक गा. पा. को जातिगत जनसंख्या विवरण | ३८ |
| ४.१० | : आम्चोक गा. पा. मा बसोबास गर्ने जातजालिहरू | ३९ |
| ४.११ | : आम्चोक गा. पा. को वर्तमान संरचना | ४० |
| ४.१२ | : आम्चोक गा. पा. को धार्मिक स्वरुप | ४१ |
| ४.१३ | : उपचारको लागी सबभन्दा पहिला सेवा लिन जाने स्थान | ४२ |
| ४.१४ | : आम्चोक गा. पा. को पिउने पानीको अवस्था | ४३ |
| ४.१५ | : आम्चोक गा. पा. को विद्युत तथा उर्जाको अवस्था | ४४ |
| ४.१६ | : आम्चोक गा. पा. को बत्तीको मुख्य स्रोत | ४५ |
| ४.१७ | : आम्चोक गा. पा. को सञ्चारको साधनहरू | ४५ |
| ४.१८ | : आम्चोक गा. पा. को पेशा तथा व्यवसायीक विवरण | ४७ |
| ४.१९ | : आम्चोक गा. पा. को प्रविधिक शिक्षा तथा तालिम प्राप्त विभिन्न तहका मानव संशाधन (जे. टि. ए., विद्युत, कम्प्यूटर, मेकानिक्स, सिलाईबुनाई आदि) | ४८ |
| ४.२० | : आम्चोक गा. पा. को स्वस्थ्य, खानेपानी, सरसफाई, नेतृत्व क्षेत्रका विधिन्न तहका मानव संशाधन | ४९ |
| ४.२१ | : साधारण शिक्षाबाट उत्पादित विभिन्न तहका मानव संशाधन | ४९ |
| ४.२२ | : आम्चोक गा. पा. को वार्षिक आम्दानी विवरण २०७५ | ५० |

४.२३ : आम्चोक गा. पा. को वार्षिक खर्चको अवस्था २०७५ ५१
४.२४ : आम्चोक गा. पा. को वैदेशीक रोजगारी विवरण ५२
४.२५ : आम्चोक गा. पा. मा रहेको वित्तिय तथा सहकारी संघसस्था ५३
४.२६ : नमुना छनोटमा परेका घरपरिवारको पेशागत वार्षिक आम्दानीको स्रोत विवरण ५४
४.२७ : नमुना छनोटमा परेका घरपरिवारको क्षेत्रगत आम्दानीको स्रोत विवरण ५६
४.२८ : नमुना छनोटमा परेका घरपरिवारको तहगत आम्दानी ५८
४.२९ : नमुना छनोटमा परेका घरपरिवारको पेशागत खर्च विवरण ५९
४.३० : नमुना छनोटमा परेका घरपरिवारको क्षेत्रगत खर्च विवरण ६१
४.३१ : नमुना छनोटमा परेका घरपरिवारको पेशागत आम्दानी, खिर्च र बचत विवरण ६२
४.३२ : नमुना छनोटमा परेका बचत तथा घाटा आम्दानी भएका घरपरिवार विवरण ६३
४.३३ : नमुना छनोटमा परेका घरपरिवारको औषत उपभोग प्रवृत्ति २०७५ ६४
४.३४ : नमुना छनोटमा परेका घरपरिवारको सीमान्त उपभोग प्रवृत्ति ६५

## **चित्र सूची** (LIST OF FIGURES)

४.१ : भोजपुर जिल्लाको भू-उपयोगको अवस्था ३२
४.२ : आम्चोक गा. पा. को जातिगत जनसंख्या विवरण ३८
४.३ : आम्चोक गा. पा. को धार्मको आधारमा जनसंख्या ४१
४.४ : नमुना छनोटमा परेका घरपरिवारको पेशागत वार्षिक आम्दानीको स्रोत विवरण ५५
४.५ : नमुना छनोटमा परेका घरपरिवारको क्षेत्रगत आम्दानी विवरण ५७
४.६ : नमुना छनोटमा परेका घरपरिवारको पेशागत खर्च विवरण ६०

## संक्षिप्त शब्दावली (ACRONYMS)

गा. पा. = गाउँपालिका

आ. व. = आर्थिक वर्ष

क्र. सं. = क्रम संख्या

भो. जि. पा. = भोजपुर जिल्लाको पाश्वचित्र

वि. सं. = विक्रम संवत

नं. = नंवर

IMF = International Monetary Found